**मिति २०८२/०७/२३ गतेको गाउँ कार्यपालिकाको चौथो बैठकमा पेश भएका प्रस्तावहरु**

| क्र.सं. | प्रस्ताव | कैफियत |
|---|---|---|
| १. | अघिल्लो बैठकबाट भएका निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा । | |
| २. | गैर सरकारी संस्थाको साझेदारी सम्बन्धमा । | |
| ३. | गाउँ शिक्षा समितिका निर्णय अनुमोदन सम्बन्धमा । | |
| ४. | आ.व. २०८१/०८२ को दायित्व भुक्तानी सम्बन्धमा । | |
| ५. | आन्तरित नियन्त्रण प्रणालीको प्रतिवेदन सम्बन्धमा । | |
| ६. | जिन्सी निरीक्षण प्रतिवेदन सम्बन्धमा । | |
| ७. | आर्थिक सहायता सम्बन्धमा । | |
| ८. | भगवतीमाई आधारभूत अस्पतालको लागि जग्गा प्राप्ति सम्बन्धमा । | |
| ९. | नवप्रवर्तन साझेदारीको लागि प्रस्ताव पेश गर्ने सम्बन्धमा । | |
| १०. | बजेट तथा कार्यक्रम संशोधन सम्बन्धमा । | |
| ११. | भगवतीमाई आधारभूत अस्पताल भवन निर्माण स्थलबाट विद्युत सार्न बजेट सुनिश्चितता सम्बन्धमा । | |
| १२. | रिट निवेदन सम्बन्धमा यस कार्यालयको प्रतिनिधि तोक्ने सम्बन्धमा । | |

**मिति २०८२/०७/२३ गतेको गाउँ कार्यपालिकाको चौथो बैठकबाट भएका निर्णयहरुः**

१. यस कार्यपालिकाबाट अघिल्ला बैठककमा भएका निर्णयहरुको कार्यान्वयन समिक्षा गरियो ।

२. यस गाउँपालिकासँग साझेदारीमा यस गाउँपालिका अन्तर्गत कार्यक्रम सञ्चालन गरेका देहायका गैरसरकारी संस्थासँग तपशिल बमोजिम साझेदारी गर्ने ।

| क्र.सं. | संस्थाको नाम | कार्यक्रम | साझेदारी रकम | स्रोत | कैफियत |
|---|---|---|---|---|---|
| १. | सोसेक नेपाल, दैलेख | | १०,००,०००.०० | अर्को बैठकबाट स्रोत सुनिश्चितता गर्ने । | |

३. यस गाउँपालिका अन्तर्गत गाउँ शिक्षा समितिको मिति २०८२/०६/२२ र मिति २०८२/०६/२६ गते भएका निर्णयहरु अनुमोदन गर्ने।

४. यस गाउँपालिका अन्तर्गत गत आ.व. २०८१/०८२ मा सञ्चालन भएका र स्रोत अभाव भई भुक्तानी नभएका देहाय कार्यक्रम र आयोजनाको दायित्व भुक्तानी देहाय बमोजिम गर्ने ।

**तपशिलः**

| क्र.सं. | आयोजना वा कार्यक्रमको नाम | भुक्तानी पाउने | खर्च रकम | व्यहोरिने स्रोत | कैफियत |
|---|---|---|---|---|---|
| १. | विज्ञापन तथा सूचना | के.ए. मल्टिमिडिया | ६६,६७०.०० | विज्ञापन तथा सूचना | |

| क्र.सं. | आयोजना वा कार्यक्रमको नाम | भुक्तानी पाउने | खर्च रकम | व्यहोरिने स्रोत | कैफियत |
|---|---|---|---|---|---|
| | प्रकाशन | प्रा.लि. सुर्खेत | | प्रकाशन | |
| २. | ईन्धन | उमा आयल स्टोर सुर्खेत | १,६८,७७४.०० | इन्धन (गा.पा. कार्यालय+वडा कार्यालय+स्वास्थ्य संस्था+आधारभूत अस्पताल प्रयोजन) | |
| ३. | घरभाडा | दानबहादुर थापा | ७२,०००.०० | घरभाडा | |
| ४. | चिमेरसैना मन्घर तल्ला गाउँ डोप्का सडक मर्मत | जगनाथ टोल विकास संस्था-भगवतीमाई ४ | ४,७२,०००.०० | सडक बोर्ड नेपाल | |
| ५. | खड्कदेवी आ.वि. ढोका मर्मत | ज्वाला रेग्मी | १४,८२१.०० | | |

५. यस भगवतीमाई गाउँपालिका आन्तरिक नियन्त्रण प्रणाली प्रतिवेदन २०८१/०८२ माथि छलफल तथा समिक्षा गरियो ।

६. यस भगवतीमाई गाउँपालिकाको जिन्सी निरीक्षण प्रतिवेदन २०८१/०८२ माथि छलफल एंव समिक्षा गरियो । जिन्सी सामानको व्यवस्थित अभिलेख राख्ने, सवारी साधन सञ्चालनलाई सरकारी कामकाजमा मात्र प्रयोग गर्ने र सेवा अवकाश/अन्त्य वा सरुवा भएका तर जिन्सी मालसामान समयमा बरबुझारथ नगर्ने कर्मचारीलाई कानून बमोजिम कारवाही प्रक्रिया अगाडी बढाउने ।

७. यस गाउँपालिका अन्तर्गत देहाय मृतक व्यक्ति शव ढुवानी वापत र घाइतेलाई उपचारको लागि देहायका हकवालालाई तपशिलको आर्थिक सहायता उपलब्ध गराउने।

| **क्र. सं.** | **हकवालाको नाम** | **नाता** | **मृतकको नाम थर** | **ठेगाना** | **रकम** | **कैफियत** |
|---|---|---|---|---|---|---|
| १. | | | लालसरा वि.क. | वडा नं. २ | १५,०००.०० | |
| २. | नन्दबहादुर वि.क. | श्रीमान | कमला वि.क. | वडा नं. ४ | १५,०००.०० | |
| ३. | अमृत वि.क. | | गोविन्द वि.क. | वडा नं. ४ | १५,०००.०० | |
| ४. | | | बीरवल कामी | वडा नं. १ | १०,०००.०० | |
| ५. | पदम बहादुर खड्का | | घाइते | वडा नं. ६ | १०,०००.०० | |

८. यस भगवतीमाई गाउँपालिका अन्तर्गत वडा नं. ३ सान्तडामा निर्माणाधिन भगवतीमाई आधारभूत अस्पताल पूर्वाधार निर्माण कार्यको लागि अपुग जग्गा प्राप्ति सम्बन्धी मिति २०८२/०७/१६ गतेको सूचना बमोजिम देहायको १ जना मात्र जग्गाधनीको निवेदन पेश भएको हुँदा उक्त जग्गा यस कार्यालयको नाममा नामसारी गर्ने । सो जग्गा नामसारीको लागि यस कार्यालय अन्तर्गत कार्यरत वरिष्ठ प्रशासन सहायक/वडा सचिव श्री मानबहादुर थापालाई प्रतिनिधि तोक्ने ।

| क्र. सं. | जग्गाधनीको | | जग्गाको | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | नाम | ठेगाना | स्थान | कित्ता नं. | क्षेत्रफल वर्ग मि. | नामसारी गर्ने क्षेत्रफल व.मि. | |
| १. | लिला जैसी (ना.प्र.नं. ११३४५१/७१) | वडा नं. ३ | साविक मेहेलतोली गा.वि.स. वडा नं. ८ | ४६७ | ११८३ | ६०० | |

९. नवप्रवर्तन साझेदारी परियोजना सञ्चालन कार्यविधि, २०८२ बमोजिम कर्णाली प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम, प्रदेश कार्यक्रम सहयोग इकाईबाट मिति २०८२/०६/३१ गते प्रकाशित नवप्रवर्तन साझेदारी परियोजना कार्यान्वयनका लागि अवधारणा पत्र पेश गर्ने सम्बन्धी सूचना बमोजिम यस गाउँपालिकाबाट शिक्षा र स्वास्थ्य क्षेत्रमा नविन प्रविधि विस्तार कार्यक्रमको अवधारणा पत्र पेश गर्ने । साथै उक्त कार्यक्रमको लागि यस गाउँपालिकाको तर्फबाट ३० प्रतिशत साझेदारी गर्ने र कार्यविधि नवप्रवर्तन साझेदारी परियोजना सञ्चालन कार्यविधि, २०८२ मा उल्लेखित शर्तहरु, सार्वजनिक खरिद ऐन कानून, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन कानून र अन्य ऐन कानून बमोजिम कार्यक्रम कार्यान्वयन गर्ने ।

१०. यस गाउँपालिकाको लागि चालु आ.व. २०८२/०८३ मा स्वीकृत वार्षिक कार्यक्रमलाई देहाय बमोजिम संशोधन गर्ने र अनुमोदनको लागि आगामी गाउँसभामा पेश गर्ने ।

| क्र.सं. | नाम | स्वीकृत | घटाउने | बढाउने | अन्तिम बजेट |
|---|---|---|---|---|---|
| १. | युवा लक्षित कार्यक्रम र युवा परिषद् सञ्चालन खर्च | ४,००,०००.०० | ४,००,०००.०० | ०.०० | ० |
| २. | स्थानीय कला संस्कृत (लहेरेपैचरी/मयुर नाच र मारुनी) संरक्षण कार्यक्रम | १,५०,०००.०० | ५०,०००.०० | ०.०० | १,००,०००.०० |

| क्र.सं. | नाम | स्वीकृत | घटाउने | बढाउने | अन्तिम बजेट |
|---|---|---|---|---|---|
| ३. | स्टोर कोठा निर्माण | ०.०० | ०.०० | २,००,०००.० | २,००,०००.०० |
| ४. | लोक देउडा कार्यक्रम | ०.०० | ०.०० | २,५०,०००.० | २,५०,०००.०० |

११. यस भगवतीमाई गाउँपालिका अन्तर्गत निर्माणाधिन आधारभूत अस्पताल पूर्वाधार निर्माण कार्यस्थलको मुख्य भवन निर्माण स्थलमा एउटा विद्युत पोल रहेकोले भवन निर्माण कार्य गर्न असहज भई भवन निर्माण कार्य रोकिएको हुँदा उक्त पोल विद्युत सार्नुपर्ने भएकोले सोको लागत अनुमान विद्युत वितरण केन्द्र दैलेखबाट तयार भई पेश भएको हुँदा उक्त पोल सार्न लाग्ने लागत रकम रु. १,८३,५१०.६८ (अक्षेरुपी एक लाख त्रियासी हजार पाँच सय दश रुपैयाँ अठसठ्ठी पैसा) भगवतीमाई आधारभूत अस्पताल पूर्वाधार निर्माण आयोजनाको कन्टेन्जेन्सी खर्चबाट भुक्तानी दिने । साथै विद्युत पोल सार्ने कार्य यथाशक्य छिटो गरिदिन हुन नेपाल विद्युत प्राधिकरण, दैलेख वितरण केन्द्र, दैलेखलाई अनुरोध गर्ने ।

१२. काठमाण्डौं जिल्ला नागार्जुन नगरपालिका वडा नं. ५ बस्ने अधिवक्त दिपक विक्रम मिश्र रिट निवेदक भई प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय सिंहदरबार, काठमाण्डौं र भगवतीमाई गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, दैलेख समेत विपक्षी रहेको सम्मानित सर्वोच्च अदालतको रिट नं. ०८२-WO-०१६७ उत्प्रेषण आदेशसमेत जारी गरि पाऊँ भन्ने रिट निवेदन सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट मिति २०८२/०५/०९ गते भएको आदेश बमोजिम लिखित जवाफ पेश गर्ने, कार्यालयको आधिकारिक अभिमत प्रस्तुत गर्ने, आवश्यक कागजात तथा प्रमाण संकलन गर्ने, सरकारी वकिल र कानूनी सल्लाहकारसँग समन्वय गर्ने र अदालतमा उपस्थित भई सुनुवाईमा सहभागी हुने लगायतका अख्तियारी सहित यस कार्यालयका शाखा अधिकृत श्री विकासबहादुर जि.सी. लाई प्रतिनिधि तोक्ने ।

१३. दैलेख जिल्ला साविक बडलम्जी गा.वि.स. वडा नं. ४ परिवर्तित भैरवी गाउँपालिका वडा नं. ३ घर भई दुल्लु नगरपालिकाको कार्यालयमा सह लेखापालको पदमा कार्यरत वर्ष ४९ को राजेन्द्र अधिकारी समेत रिट निवेदक भई प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय सिंहदरबार, काठमाण्डौं र भगवतीमाई गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, दैलेख समेत विपक्षी रहेको सम्मानित सर्वोच्च अदालतको रिट नं. ०८२-WO-०२०७ उत्प्रेषण आदेशसमेत जारी गरि पाऊँ भन्ने रिट निवेदन सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट मिति २०८२/०५/१८ गते भएको आदेश बमोजिम लिखित जवाफ पेश गर्ने, कार्यालयको आधिकारिक अभिमत प्रस्तुत गर्ने, आवश्यक कागजात तथा प्रमाण संकलन गर्ने, सरकारी वकिल र कानूनी सल्लाहकारसँग समन्वय गर्ने र अदालतमा उपस्थित भई सुनुवाईमा सहभागी हुने लगायतका अख्तियारी सहित यस कार्यालयका शाखा अधिकृत श्री विकासबहादुर जि.सी. लाई प्रतिनिधि तोक्ने ।

भिन्न मत

| क्र.सं. | सदस्यको नाम | पद | भिन्न मतको संक्षिप्त व्यहोरा | दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |